“ मीठे बच्चे– तिमीले जे बाबाले सुनाउनु हुन्छ त्यही सुन , आसुरी कुरा नसुन , नबोल , हियर नो इभिल , सी नो इभिल....।”

प्रश्नः– तिमी बच्चाहरूलाई कुनचाहिँ निश्चय बाबाद्वारा नै भएको हो?

उत्तरः– बाबाले तिमी बच्चाहरूलाई निश्चय गराउनुहुन्छ– म तिम्रो पिता पनि हुँ, शिक्षक पनि हुँ, सद्गुरु पनि हुँ, तिमीले यस स्मृतिमा रहने पुरुषार्थ गर। तर मायाले तिमीहरूलाई यही भुलाइदिन्छ। अज्ञानकालमा त मायाको कुरै हुँदैन।

प्रश्नः– कुनचाहिँ चार्ट राख्न विशालबुद्धि चाहिन्छ?

उत्तरः– आफूलाई आत्मा सम्झिएर बाबालाई कति समय याद गरियो, यो चार्ट राख्न धेरै विशालबुद्धि चाहिन्छ। देहीअभिमानी भएर बाबालाई याद गर्यौ भने विकर्म विनाश हुन्छ।

ओम् शान्ति। विद्यार्थीहरूले बुझेका छन्– टिचर आउनु भएको छ। यो त बच्चाहरूले जानेका छौ, उहाँ बाबा पनि हुनुहुन्छ, शिक्षक पनि हुनुहुन्छ र सुप्रिम सद्गुरु पनि हुनुहुन्छ। प्यारा बच्चाहको स्मृतिमा छ तर नम्बरवार पुरुषार्थ अनुसार। नियमले भन्छ– एकपटक जान्यौ, टिचर अथवा उहाँ बाबा हुनुहुन्छ, गुरु हुनुहुन्छ भने फेरि भुल्न सकिँदैन। तर यहाँ मायाले भुलाइदिन्छ। अज्ञान कालमा मायाले कहिल्यै भुलाउँदैन। बच्चाले कहिल्यै भुल्न सक्दैन– उहाँ मेरो पिता हुनुहुन्छ, उहाँको यो काम हो। बच्चाहरूलाई खुसी हुन्छ, हामी पिताको धनका मालिक हौं। हुन त स्वयंले पनि पढ्छन् तर पनि पिताको सम्पत्ति त मिल्छ नि। यहाँ तिमी बच्चाहरूले पनि पढ्छौ र बाबाको तिमीहरूलाई सम्पत्ति पनि मिल्छ। तिमीले राजयोग सिकिरहेका छौ। बाबाद्वारा निश्चय हुन्छ– म बाबाको हुँ, बाबाले नै सद्गतिको मार्ग बताइरहनु भएको छ, त्यसैले उहाँ सद्गुरु पनि हुनुहुन्छ। यी कुरा भुल्नुहुँदैन। जे बाबाले सुनाउनुहुन्छ त्यही सुन्नुछ। यो जुन बाँदरको खेलौना देखाउँछन्– नराम्रो नहेर, नराम्रो नसुन...। यो हो मनुष्यको कुरा। बाबा भन्नुहुन्छ– आसुरी कुरा नबोल, नसुन, नदेख। नराम्रो नसुन...। यो पहिला बाँदरको बनाउँथे। अहिले त मनुष्यको बनाउँछन्। तिमीहरूसँग नलिनीको बनाइएको छ। तिमीले बाबाको ग्लानिको कुरा नसुन। बाबा भन्नुहुन्छ– मेरो कति ग्लानि गर्छन्। तिमीलाई थाहा छ– श्रीकृष्णका भक्तको अगाडि धूप बाले भने रामका भक्तले नाक बन्द गर्छन्। एक अर्काको सुगन्ध पनि राम्रो लाग्दैन। आपसमा दुस्मन जस्तै हुन्छन्। अहिले तिमी हौ रामवंशी। दुनियाँ हो सारा रावण वंशी। यहाँ धूपको त कुरैछैन। तिमीलाई थाहा छ– बाबालाई सर्वव्यापी भन्नाले के गति भएको छ! पत्थर आदिमा हुनुहुन्छ भन्ने मान्नाले बुद्धि जड बनेको छ। त्यसैले बेहदका बाबा, जसले तिमीलाई वर्सा दिनुहुन्छ, उहाँको कति ग्लानि गर्छन्। ज्ञान त कसैमा छैन। त्यो ज्ञान रत्न होइन, पत्थर हो। अब तिमीले बाबालाई याद गर्नुपर्छ। बाबा भन्नुहुन्छ– म जो हुँ, जस्तो हुँ, यथार्थमा मलाई कसैले चिनेका छैनन्। बच्चाहरूमा पनि नम्बरवार छन्। बाबाले यथार्थ रीतिले याद गर्नुछ। उहाँ पनि यति सानो बिन्दी हुनुहुन्छ, उहाँमा यो सारा पार्ट भरिएको छ। बाबालाई यथार्थ रीतिले चिनेर याद गर्नुछ, आफूलाई आत्मा सम्झिनुछ। हुन त हामी बच्चा हौं तर यस्तो होइन– बाबाको आत्मा ठुलो, हाम्रो सानो छ। होइन, हुन त बाबा नलेजफुल हुनुहुन्छ तर आत्मा कुनै ठुलो हुन सक्दैन। तिम्रो आत्मामा पनि ज्ञान रहन्छ तर नम्बरवार। स्कुलमा पनि नम्बरवार पास हुन्छन् नि। शून्य अङ्क कसैको हुँदैन। केही न केही अङ्क ल्याउँछन्। बाबा भन्नुहुन्छ– मैले तिमीहरूलाई यो जुन ज्ञान सुनाउँछु, यो प्राय: लोप भएर जान्छ। तैपनि चित्र छन्, शास्त्र पनि बनाएका छन्। बाबा तिमी आत्माहरूलाई भन्नुहुन्छ– नराम्रो नसुन.... यस आसुरी दुनियाँलाई के हेर्नु छ। यस फोहोरी दुनियाँदेखि आँखा बन्द गर्नुछ। अहिले आत्मालाई स्मृति आएको छ, यो हो पुरानो दुनियाँ। यससँग के सम्बन्ध राख्नुछ? आत्मालाई स्मृति भएको छ– यस दुनियाँलाई देख्दा-देख्दै पनि देख्नुछैन। आफ्नो शान्तिधाम र सुखधामलाई याद गर्नुछ। आत्मालाई ज्ञानको तेस्रो नेत्र मिलेको छ, त्यसैले यो स्मरण गर्नु छ। भक्तिमार्गमा पनि सबेरै उठेर माला जप्छन्। सबेरैको मुहूर्त राम्रो सम्झन्छन्। ब्राह्मणहरूको मुहूर्त हुन्छ। ब्रह्माभोजनको पनि महिमा छ। ब्रह्म भोजन होइन, ब्रह्माभोजन। तिमीहरूलाई पनि ब्रह्माकुमारीको सट्टामा ब्रह्मकुमारी भनिदिन्छन्, बुझ्दैनन्। ब्रह्माका सन्तान त ब्रह्माकुमार-ब्रह्माकुमारी हुन्छन् नि। ब्रह्म त तत्त्व हो, रहने ठेगाना हो, त्यसको के महिमा हुनु। बाबा बच्चाहरूलाई उल्हना दिनुहुन्छ– प्यारा बच्चाहरू! तिमीहरूले एकातिर त पूजा गर्छौ, अर्कातिर फेरि सबैको ग्लानि पनि गर्छौ। ग्लानि गर्दै गर्दै तमोप्रधान बनेका छौ। तमोप्रधान पनि बन्नु नै छ, चक्र दोहोरिन्छ। कुनै ठुला मानिस

आउँदा त्यतिबेला उनलाई चक्रमा अवश्य सम्झाउनु छ। यो चक्र ५ हजार वर्षको नै हो, यसमाथि धेरै ध्यान दिनुछ। रातपछि दिन अवश्य हुनु नै छ। यो हुनसक्दैन– रातपछि दिन नहोस्। कलियुगपछि सत्ययुग अवश्य आउनु छ। यो विश्वको इतिहास भूगोल दोहोरिन्छ।

बाबा सम्झाउनु हुन्छ– मीठा प्यारा बच्चाहरू! आफूलाई आत्मा सम्झ, आत्माले नै सबै कुरा गर्छ, पार्ट खेल्छ। यो कसैलाई पनि थाहा छैन– यदि हामी पार्टधारी हौं भने नाटकको आदि-मध्य-अन्त्यलाई अवश्य जान्नुपर्ने हो। विश्वको इतिहास भूगोल दोहोरिन्छ, त्यसैले ड्रामा नै ठहरियो नि। सेकेन्ड बाइ सेकेन्ड त्यही दोहोरिन्छ, जुन बितेको छ। यी कुरा अरू कसैले बुझ्नसक्दैनन्। कम बुद्धि भएकाहरू सदैव फेल नै हुन्छन् फेरि टिचरले पनि के गर्न सक्छन्! टिचरलाई के भन्छन् र– कृपा वा आशीर्वाद गर्नुहोस्। यो पनि पढाइ हो। यस गीता पाठशालामा स्वयं भगवानले राजयोग सिकाउनुहुन्छ। कलियुग परिवर्तन भएर सत्ययुग अवश्य बन्नु छ। ड्रामा अनुसार बाबा पनि आउनु पर्छ। बाबा भन्नुहुन्छ– म कल्प कल्प सङ्गमयुगमा आउँछु, अरू कसैले कहाँ भन्न सक्छन् र, म सृष्टिको आदि-मध्य-अन्त्यको ज्ञान सुनाउन आएको छु। आफूलाई शिवोहम् भन्छन्, त्यसबाट के भयो। शिवबाबा त आउनुहुन्छ नै पढाउनको लागि, सहज राजयोग सिकाउनको लागि। कुनै पनि साधुसन्त आदिलाई शिव भगवान भन्न सकिँदैन। यस्तो त धेरैले भन्छन्– म श्रीकृष्ण हुँ, हामी लक्ष्मी-नारायण हौं। अब कहाँ उनी श्रीकृष्ण सत्ययुगका राजकुमार, कहाँ यी कलियुगी पतित। यस्तो कहाँ भन्छन् र– यिनमा भगवान हुनुहुन्छ। तिमी मन्दिरमा गएर सोध्नसक्छौ– उहाँले त सत्ययुगमा राज्य गर्नुहुन्थ्यो फेरि कहाँ जानु भयो? सत्ययुगपछि अवश्य त्रेता, द्वापर, कलियुग भयो। सत्ययुगमा सूर्यवंशी राज्य थियो, त्रेतामा चन्द्रवंशी... यो सबै ज्ञान तिमी बच्चाहरूको बुद्धिमा छ। यति धेरै ब्रह्माकुमार-कुमारीहरू छन्, अवश्य प्रजापिता पनि हुनुपर्छ। फेरि ब्रह्माद्वारा मनुष्य सृष्टि रच्नुहुन्छ। ब्रह्मालाई रचयिता भनिँदैन। उहाँ फेरि परमपिता हुनुहुन्छ। कसरी रच्नुहुन्छ, त्यो त बाबाले सम्मुख नै बसेर सम्झाउनु हुन्छ, यी शास्त्रहरू त पछि बनेका हुन्। जसरी क्राइस्टले सम्झाए, त्यसको बाइबल बन्यो। पछि बसेर गायन गर्छन्। सर्वका सद्गतिदाता, सर्वका मुक्तिदाता, पतित-पावन एक बाबालाई भनिएको छ, उहाँलाई याद गर्छन्– हे परमपिता दया गर्नुहोस्! पिता एक हुनुहुन्छ। उहाँ हुनुहुन्छ सारा विश्वका पिता। मनुष्यलाई थाहा छैन– सबै दु:खबाट मुक्त गर्नेवाला को हुनुहुन्छ? अहिले सृष्टि पनि पुरानो, मनुष्य पनि पुराना, तमोप्रधान छन्। यो हो नै कलियुगी दुनियाँ। गोल्डन एज थियो नि, फेरि अवश्य हुन्छ। यो विनाश हुन्छ, विश्व युद्ध हुन्छ, अनेक प्राकृतिक प्रकोपहरू पनि हुन्छन्। समय त यही हो। मनुष्य सृष्टिको कति वृद्धि भएको छ।

तिमीले त भनिरहन्छौ– भगवान आउनुभएको छ। तिमी बच्चाहरूले सबैलाई चुनौती दिन्छौ– ब्रह्माद्वारा एक आदि सनातन देवी-देवता धर्मको स्थापना भइरहेको छ। ड्रामा अनुसार सबै सुनिरहन्छौ। दैवी गुण पनि धारणा गर्छौ। तिमीलाई थाहा छ– हामीमा कुनै गुण थिएन। नम्बरवन अवगुण हो– काम विकारको, जसले कति धेरै हैरान पार्छ। मायाको कुस्ती चल्छ। नचाहँदा नचाहँदै पनि मायाको तुफानले गिराइदिन्छ। आइरन एज त हो नि। कालो मुख पारिदिन्छन्। श्याम मुख भनिदैन। श्रीकृष्णको लागि देखाउँछन्– सर्पले डसेपछि श्याम भए। इज्जत राख्नको लागि श्याम भनिदिएका हुन्। कालो मुख देखाएपछि इज्जत जान्छ। त्यसैले दूरदेश, निराकारी देशबाट यात्री आउनुहुन्छ। आइरन एजेड दुनियाँ, कालो शरीरमा आएर यिनलाई पनि गोरो बनाउनुहुन्छ। अब बाबा भन्नुहुन्छ– तिमी फेरि सतोप्रधान बन्नु छ। मलाई याद गर्यौ भने विकर्म विनाश हुन्छ र तिमी विष्णुपुरीको मालिक बन्छौ। यी बुझ्नुपर्ने ज्ञानका कुरा हुन्। बाबा रूप पनि हुनुहुन्छ भने बसन्त पनि हुनुहुन्छ। तेजोमय बिन्दी रूप हुनुहुन्छ। उहाँमा ज्ञान पनि छ। नाम-रूपदेखि अलग त हुनुहुन्न। उहाँको रूप के हो, यो दुनियाँले जान्दैन। बाबाले तिमीहरूलाई सम्झाउनुहुन्छ, मलाई पनि आत्मा भनिन्छ, केवल सुप्रिम आत्मा। परम आत्मा अर्थात् परमात्मा। बाबा पनि हुनुहुन्छ, शिक्षक पनि हुनुहुन्छ। भनिन्छ पनि ज्ञानका सागर। उनीहरूले सम्झन्छन्– नलेजफुल अर्थात् सबैको दिललाई जान्नेवाला हुनुहुन्छ। यदि परमात्मा सर्वव्यापी हुनुहुन्छ भने त फेरि सबै नलेजफुल हुनेभए। फेरि उहाँ एकलाई किन भन्छन्? मनुष्यको बुद्धि कति तुच्छ छ। ज्ञानका कुरालाई बिलकुलै बुझ्दैनन्। बाबा बसेर ज्ञान र भक्तिको भिन्नता बताउनुहुन्छ– पहिला हुन्छ ज्ञान दिन सत्ययुग-त्रेता, फेरि हुन्छ द्वापर-कलियुग रात। ज्ञानबाट सद्गति हुन्छ। यो राजयोगको ज्ञान हठयोगीले सम्झाउन सक्दैनन्। न गृहस्थीले सम्झाउन सक्छन् किनकि अपवित्र छन्। अब राजयोग कसले सिकाउँछ? जसले भन्नुहुन्छ– मामेकम् याद गर्यौ भने विकर्म विनाश हुन्छ। निवृत्ति मार्गको धर्म नै अलग छ, उनीहरूले प्रवृत्ति मार्गको ज्ञान कसरी सुनाउँछन् ? यहाँ सबैले भन्छन्– गड फादर इज ट्रुथ। बाबा नै सत्य सुनाउनेवाला हुनुहुन्छ। आत्मालाई परमात्माको स्मृति आएको

छ, त्यसैले हामीले बाबालाई याद गर्छौं– आएर सच्चा सच्चा कथा सुनाउनुहोस् नरबाट नारायण बन्ने। यो सत्य-नारायणको कथा तिमीलाई सुनाउँछु नि। पहिला तिमीले झुटो कथा सुन्थ्यौ। अहिले तिमीले सच्चा सुन्छौ। झुटा कथाहरू सुन्दासुन्दै कोही नारायण त बन्न सक्दैन। फेरि त्यो सत्य नारायणको कथा कसरी हुनसक्छ? मनुष्यले कसैलाई नरदेखि नारायण बनाउन सक्दैन। बाबाले नै आएर स्वर्गको मालिक बनाउनुहुन्छ। बाबा आउनुहुन्छ पनि भारतवर्षमा। तर कहिले आउनुहुन्छ, यो जानेका छैनन्। शिव-शङ्करलाई मिसाएर कहानीहरू बनाइदिन्छन्। शिव पुराण पनि छ। गीता श्रीकृष्णको भन्छन्, त्यसैले शिव पुराण ठुलो भयो। वास्तवमा ज्ञान त गीतामा छ। भगवानुवाच– मनमनाभव। यो शब्द गीता भन्दा अरू शास्त्रमा हुनसक्दैन। गायन पनि गरिन्छ– सर्वशास्त्रमयी शिरोमणि गीता। श्रेष्ठ मत हो नै भगवानको। सबैभन्दा पहिला यो बताउनुपर्छ– अब केही वर्षभित्र नयाँ श्रेष्ठाचारी दुनियाँ स्थापना हुन्छ। अहिले हो भ्रष्टाचारी दुनियाँ। श्रेष्ठाचारी दुनियाँमा कति थोरै मनुष्य हुन्छन्। अहिले त कति धेरै मनुष्य छन्। त्यसको लागि विनाश सामुन्ने खडा छ। बाबाले राजयोग सिकाइरहनु भएको छ। वर्सा बाबाबाट मिल्छ। माग्छन् पनि बाबासँग। कसैसँग धन धेरै होला, बच्चा होलान्, भन्छन्– भगवानले दिनुभयो। त्यसैले भगवान एक हुनुभयो नि फेरि सबैमा भगवान कसरी हुन सक्नुहुन्छ? अब आत्मालाई बाबा भन्नुहुन्छ– मलाई याद गर। आत्माले भन्छ– हामीलाई परमात्माले ज्ञान दिनुभयो जुन फेरि हामीले भाइहरूलाई दिन्छौं। आफूलाई आत्मा सम्झिएर बाबालाई कति समय याद गरियो, यो चार्ट राख्नमा धेरै विशालबुद्धि चाहिन्छ। देहीअभिमानी भएर बाबालाई याद गर्नुपर्छ तब विकर्म विनाश हुन्छ। ज्ञान त धेरै सहज छ, तर आत्मा सम्झिएर बाबालाई याद गर्दै आफ्नो उन्नति गर्नु छ। यो चार्ट बिरलै कसैले राख्छन्। देहीअभिमानी भएर बाबाको यादमा रहनेले कहिल्यै कसैलाई दुःख दिँदैनन्। बाबा आउनुहुन्छ नै सुख दिन त्यसैले बच्चाहरूले पनि सबैलाई सुख दिनुछ। कहिल्यै कसैलाई दुःख दिनुहुँदैन। बाबाको यादले सबै भूत भाग्छन्, यसमा धेरै गुप्त मेहनत छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) यस आसुरी फोहोरी दुनियाँबाट आफ्नो आँखा बन्द गर्नुछ। यो पुरानो दुनियाँ हो, यससँग कुनै सम्बन्ध राख्नुछैन, यसलाई देखेर पनि हेर्नुछैन।

२) यस बेहद ड्रामामा हामी पार्टधारी हौं, यो सेकेण्ड-सेकेण्ड दोहोरिइरहन्छ, जे बित्यो त्यो फेरि दोहोरिन्छ... यो स्मृतिमा राखेर हरकुरामा पास हुनुछ। विशालबुद्धि बन्नुछ।

वरदानः– रियालिटीद्वारा रोयल्टीको प्रत्यक्ष रूप देखाउने साक्षात्कार मू र्त भव

अब यस्तो समय आउनेछ, हरेक आत्माले प्रत्यक्ष रूपमा आफ्नो रियालिटीद्वारा रोयल्टीको साक्षात्कार गराउनेछ। प्रत्यक्षताको समयमा मालाको दानाको नम्बर र भविष्य राज्यको स्वरूप दुवै प्रत्यक्ष हुनेछन्। अहिले जसले रेस गर्दागर्दै थोरै रिसको धूलोको पर्दाले चम्किरहेको हीरालाई लुकाउँछ, अन्त्यमा यो पर्दा हट्नेछ, अनि लुकेका हीराहरू आफ्नो प्रत्यक्ष सम्पन्न स्वरूपमा आउनेछन्, रोयल फ्यामिलीले अहिलेदेखि नै आफ्नो रोयल्टी देखाउनेछ अर्थात् आफ्नो भविष्य पदलाई स्पष्ट पार्नेछ, त्यसैले रियालिटीद्वारा रोयल्टीको साक्षात्कार गराऊ।

स्लोगनः– कुनै पनि विधिबाट व्यर्थलाई समाप्त गरेर सामर्थ्यलाई इमर्ज गर।